नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

आज मिति २०८१/०३/०२ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुकिम श्रेष्ठको अध्यक्षतामा जिल्ला स्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका प्रमुखहरूसँग देहायको उपस्थितिमा कार्यालय प्रमुख बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी श्री रुकिम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत श्री भरत गौतम, हेटौंडा उ.म.न.पा.

सहायक प्रमुख जिल्ला अधिकारी श्री राजेन्द्र प्रसाद कंडेल

प्रमुख सेनानी श्री निरञ्जन थामी, गोरख बहादुर गण

प्रहरी उपरीक्षक श्री विश्व राज खड्का, जिल्ला प्रहरी कार्यालय

सशस्त्र प्रहरी उपरीक्षक श्री सन्तोष विक्रम शाह, स.प्र.बल कमाण्ड, ४४ गण

उप-अनुसन्धान निर्देशक श्री हेमन्त चौधरी, रा.अ.वि. जि. कार्यालय

केन्द्र प्रमुख, सरोज यादव प्रा.स.ग.प्र.पव.सं.केन्द्र हेटौंडा

विद्यालय प्रमुख भुवनेश्वर रंजितकार नेपाल भारत बहुप्राविधिक विद्यालय

शान्ती विश्वकर्मा, जि.स.अ., जि.स.स.को कार्यालय मकवानपुर

डं.अ. चन्द्रकला ठाकुर, वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर

अमित आचार्य, सिडिई, सवारी परीक्षण कार्यालय, हेटौंडा

प्रवीण श्रेष्ठ, का.प्र., या.व्य.का., हेटौंडा।

मधुसुदन अधिकारी - कार्यालय प्रमुख - मानव अधिकार कं. बि.

रामप्रसाद भुसाल प्र.उ.अ., उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

संगीता कुवर प्र.मु. क्षेत्र व्यवस्थापक हेटौंडा औद्योगिक क्षेत्र

डा. ललिता पाण्डे का.प्र आ.त.बैं.लि, मकवानपुर

ओम बहादुर दर्जी प्र.प्र.अ बागमती प्र.प्र.

हेम बहादुर थापा डि.व.अ., डिभिजन वन कार्यालय, राप्ती, मकवानपुर

खिम बहादुर राना प्र.ग.अ. गणी कार्यालय मकवानपुर

रुक्मिणी कंडेल प्र.मा.अ. मालपोत कार्यालय, हेटौंडा, मकवानपुर।

राई [illegible] प्रमुख, नेपाल टेलिकम हेटौंडा।

सुबोध अधिकारी, का.प्र. शहरी विकास तथा आवास कार्यालय, मकवानपुर

राजन भण्डारी, का.प्र. पूर्वाधार विकास कार्यालय, मकवानपुर

रविन श्रेष्ठ, डि.प्र., खानेपानी तथा स.डि.के. १, मकवानपुर।

निर्मल दाहाल डि.प्र. जलस्रोत तथा सि.वि.डि.का. मकवानपुर

दिल बिनोद श्रेष्ठ स्था.पु.वि.अ. कार्यालय (LIDPO) हे.

राम बाबु माई डि.प्र. ने.ई.डि. हेटौंडा

राकेश प्र० चन्द्रवंशी डि.व.अ., डिभिजन वन कार्यालय मकवानपुर

डा. दिलिप राज पौडेल, कार्यालय प्रमुख, कर्मचारी सञ्चय कोष

प्र.से. निरञ्जन थापा श्री गोरख बहादुर गण सुपरीवार मकवानपुर

देवराज थापा उप. अ. नि राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय मकवानपुर

सनुनाउ. बिष्णु प्र. अवस्थी सशस्त्र प्रहरी नं. १४ गण हे. मकवानपुर

भरत गौतम प्र.प्र.अ. हेटौंडा उप महानगरपालिका।

दिनेश थापा व.प्र. बागमती प्रदेश कार्यालय (TEVT)

(नारायणी)

युक्त सुवेदी प्रमुख कर अधिकृत आ.रा.का. हेटौंडा।

बद्री बहादुर पाठक, प्रमुख, राष्ट्रिय परीक्षा बोर्ड प्रदेश कार्यालय हेटौंडा।

काशीनाथ घिमिरे, का.प्र., [illegible] तथा गु.नि.का. हेटौंडा

हरि प्रसाद ढकाल, प्रदेश निर्वाचन अधिकारी प्र. निर्वाचन

कपिल प्र. अर्याल लै.मु. सहीम, खो.पा. तथा ढल

सलसन भण्डारी को.नि. को.ले.नि.का., मकवानपुर

सुमन खनाल कृषि अधिकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, चितवन

संगीता घले शाखा अधिकृत शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर।

लक्ष्मी घिमिरे प्रतिनिधि मालपोत कार्यालय, [illegible]

गुरुप्रसाद अधिकारी डिभिजन प्रमुख सडक डिभिजन हेटौंडा

आदर्श सुवेदी इन्जिनियर "

रमेश सुवेदी मनहरी गा.पा. प्र.प्र.अ.

कुबेर ब. थिङ प्रमुख, जि.स्वा.का.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

## मिति २०८२-०३-०५ गते बसेको कार्यालय प्रमुख बैठकको निर्णयहरू:-

१. सबै सरकारी कार्यालयहरूले आफू र मातहतको सरकारी तथा सार्वजनिक जग्गा एवं भवन संरचनाको अभिलेख चुस्त दुरुस्त राख्नुको साथै आवश्यकतानुसार स्थानीय प्रशासनसँग सहयोग लिई सो को सुरक्षा एवं संरक्षणको प्रबन्ध गर्ने। यस क्रममा कुनै कार्यालय वा निकायले नापी कार्यालय तथा मालपोत कार्यालयसँग सहयोग माग गरेमा आवश्यक सहयोग गर्ने।

२. विकास निर्माण एवं सेवा प्रवाहमा अन्तर निकाय/कार्यालय समन्वय गर्दै चालू. आ.व. का लागि निर्धारित कार्यक्रम कार्यान्वयनमा यथासम्भव वार्षिक लक्ष्य अनुसार प्रगति हासिल गर्ने गरी प्रयत्न गर्ने र आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमलाई समयमै कार्यान्वयन प्रकृयामा लैजान सो सम्बद्ध कानूनी एवं व्यवस्थापकीय प्रबन्ध आर्थिक वर्षको प्रारम्भदेखि नै योजनाबद्ध ढङ्गले शुरु गर्ने।

३. विषयगत अनुगमन क्लष्टरहरूले नियमित रुपमा आ-आफ्नो विषय क्षेत्रभित्रका सेवा/पेशा/व्यवसाय लगायतका बारेमा अनुगमन र प्रतिवेदन गर्ने कार्यलाई निरन्तरता दिने।

४. मनसुनजन्य विपद्लाई मध्यनजर राखी सबै स्थानीय तहले स्थानीय विपद् व्यवस्थापन कोषमा यथोचित रकमको व्यवस्था र आवश्यक न्यूनतम सामग्री तथा उपकरण एवं बन्दोवस्तीको प्रबन्ध गर्ने। साथै खानेपानी, सडक, जलस्रोत तथा सिंचाई, वन, स्वास्थ्य, विद्युत, टेलिफोन लगायतका विषयक्षेत्र हेर्ने सम्बद्ध कार्यालय तथा सुरक्षा निकायहरूले सम्भावित विपद्लाई ध्यानमा राखी आ-आफ्नो क्षेत्रको विपद् प्रतिकार्य गर्न आवश्यक मेशिनरी औजार, उपकरण एवं अन्य बन्दोबस्तीका सामग्री र जनशक्ति जुनसुकै अवस्थामा प्रयोग तथा परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने।

५. खानेपानी, सडक, विद्युत, टेलिफोन लगायतका अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरूले Proactive र Responsive भएर कार्य सम्पादन गर्ने। विपद्को समयमा आफूसँग भएका औजार, उपकरण, सामग्री तथा बन्दोबस्तीका सामानहरू जुनसुकै बखत परिचालन गर्नुपर्छ भन्ने कुरालाई मनन गरी उक्त परिचालनको लागि आफ्नो तालुक निकायबाट अनुमति लिनुपर्ने भए तत् तत् सबै कार्यालयहरूले तत्काल अनुमति लिने।

६. जिल्ला प्रशासन कार्यालय तथा हेलो सरकार, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरूबाट माग गरिएका विवरण तथा प्रत्युत्तर प्राथमिकताका साथ माग गरिएको समयसीमा भित्रै उपलब्ध गराउने।

रिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

७. कार्यसम्पादनको सिलसिलामा कहींकतैबाट सुरक्षा चुनौती देखिएमा वा महसुस भएमा तत्काल जिल्ला प्रशासन कार्यालय वा नजिकको सुरक्षा निकायमा खबर गर्ने।

८. आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि जिल्ला दररेट निर्धारण गर्ने सन्दर्भमा सदस्य-सचिव एवं शहरी विकास तथा भवन निर्माण कार्यालय, मकवानपुरका प्रमुखले सम्बद्ध सबै कार्यालयसँग समन्वय गरी जिल्लामा दररेट निर्धारण गरिनु पर्ने कुनै पनि आइटम नछुट्ने र निर्धारित दररेट बजारको अधिकतम खुद्रा मूल्य भन्दा बढी नहुने गरी तयार पारी मिति २०८२।०३।२२ भित्र स्वीकृतिको लागि दररेट निर्धारण समितिका संयोजक समक्ष पेश गर्ने।

९. मकवानपुर जिल्लामा आर्थिक वर्ष २०८२/०८३ को लागि घरजग्गा रजिष्ट्रेशन वा नामसारी गर्ने प्रयोजनार्थ जग्गाको न्यूनतम मूल्यांकन स्वीकृत गर्ने सम्बन्धमा मालपोत कार्यालय, मकवानपुरका प्रमुख मालपोत अधिकृतले स्थानीय तहहरूसँग समन्वय तथा विगतका नजिर एवं अभ्यास र वर्तमान वस्तुस्थितिलाई समेत मध्यनजर गरी न्यूनतम मूल्य निर्धारण गर्न मिति २०८२।०३।२५ भित्र जग्गाको न्यूनतम मूल्यांकन समितिको संयोजक समक्ष स्वीकृतिको लागि पेश गर्ने।

१०. मिति २०८२।०३।०७ गते बिहान अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा जिल्ला आयुर्वेद कार्यालयमा हुने योग अभ्यास कार्यक्रममा जिल्लास्थित कार्यालय प्रमुख र मातहतका कर्मचारी सहभागी हुने व्यवस्था मिलाउने।

**रिकम श्रेष्ठ**
प्रमुख जिल्ला अधिकारी